# भाग २

# अवधारणा

- परिच्छेद-५
  राजनीति

- परिच्छेद-६
  नेराविपाको परिकल्पना अनुसारको
  संघात्मक व्यवस्था र क्षेत्रीय सरकारको व्यवस्था

- परिच्छेद-७
  अर्थ

- परिच्छेद-८
  आर्थिक तथा मौद्रिक नीति

- परिच्छेद-९
  शिक्षा

- परिच्छेद-१०
  वैदेशिक सम्वन्ध

- परिच्छेद-११
  सामाजिक सुरक्षा र कल्याण

- परिच्छेद-१२
  श्रमिकहरुको स्थितिमा सुधार

# राजनीति

## १. प्रजातान्त्रिक राष्ट्रका सिद्धान्तहरु

राज्य समाजको एउटा अंग हो जसले कानून व्यवस्था कायम गरी जनतालाई एक सूत्रमा आवद्ध गर्दछ र सार्वभौम निकायद्वारा शासित हुन्छ। विगतका दिनहरुमा राष्ट्रहरु राजतन्त्रद्वारा वा एउटा निश्चित वर्गका व्यक्तिहरुद्वारा शासित हुन्थे तर वर्तमान परिस्थिति भिन्न छ जहाँ राष्ट्रको सार्वभौमिक अधिकार जनतामा निहित रहन्छ र उनीहरु त्यो अधिकार प्रयोग गर्दछन्।

प्रजातान्त्रिक राजनीतिको मूल आधार भनेको त्यो व्यवस्था हो जसमा सार्वभौमसत्ताको प्रयोग जनता द्वारा प्रतिनिधित व्यवस्थापिकाले गर्दछ। साथसाथै त्यस्तो राज्यमा जनताका आधारभूत मानव अधिकार, समानता, स्वतन्त्रता र वालिग मताधिकारको प्रत्याभूति दिइएको हुन्छ।

## २. नेपालमा प्रजातान्त्रिक विचार

राजनीतिको महत्व र मूल उद्देश्य भनेको जनभावनालाई ठीक ढङ्गले प्रतिविम्वित गर्नु हो । यसले जनतालाई आवश्यक सम्पूर्ण सेवा सुविधा पुऱ्याई समृद्ध पार्न सक्नुपर्दछ । नेपालको विगतको राजनीतिमा भएका कमि कमजोरीहरु दोहरिन नदिन हामीहरु प्रतिबद्ध रहनेछौं ।

यस अवधिमा हामीले 'प्रजातान्त्रिकरण' 'प्रजातान्त्रिकरण' भन्ने नारा सवैतिर घन्किएको सुन्यौं तर आम जनताले 'प्रजातन्त्र' को अर्थ राम्ररी बुझेको लागेन । सर्वसाधारणलाई प्रजातन्त्रको मर्म वुझाउनु र जनताका अधिकार र कर्तव्य वारे वोध गराउनु हाम्रो कर्तव्य हो ।

केही गणतान्त्रिक राष्ट्रहरुमा प्रजातान्त्रिक व्यवस्था भएको सुनिन्छ तर त्यहाँ पनि केही तानाशाहहरुले शासन गरिरहेको हामीले देखेका छौं । प्रजातन्त्र भनेको राजनैतिक व्यवस्थाले मात्र सफल हुने कुरा होइन यो त निर्वाचित हुने र राजनीतिमा सहभागी व्यक्तिहरुको प्रवृत्तिमा भरपर्ने कुरा हो भन्ने तथ्यमा नेराविपा जोड दिन्छ । अव आदर्शवादको संघर्ष सकिएको छ । अब त नीति-कार्यक्रमको सफल कार्यान्वयन भए नभएको र जनताले सकारात्मक परिणाम पाउँछन् कि पाउँदैनन् त्यो हेरिने बेला भएको छ ।

प्रजातन्त्र राजनैतिक स्वरुप मात्र होइन यो त व्यक्तिहरुको स्वतन्त्रताको आधार हो जो आफ्नो जीवनमा लागू गर्नु व्यवहारिक देखिन्छ । प्रजातान्त्रिक अभ्यास भनेको यस्तो अभ्यास हो जहाँ राष्ट्रका प्रत्येक नागरिकले आफ्ना इच्छा आकांक्षा परिपूर्ण गर्ने चाहना राख्दछन् जो प्रजातान्त्रिक प्रक्रियामै आधारित हुन्छ ।

यस परिप्रेक्षमा नेराविपाले प्रजातान्त्रिक राजनैतिक संस्कृति वारे सम्पूर्ण नेपालीहरुलाई शिक्षित पार्नेछ र प्रजातन्त्रको प्रतिफल सवै समक्ष पुऱ्याउनेछ ।

## ३. नेराविपाको राजनैतिक सिद्धान्त

नेराविपाका सिद्धान्तहरु निम्न वमोजिम छन् :

**अहिंसा**

अहिंसा नेराविपाको मूलमन्त्र नै हो। सामाजिक परिवर्तन विचारको क्रान्तिले हुनुपर्छ न कि हतियारले।

**शान्त प्रजातान्त्रिक मुलुकको निर्माण**

नेराविपा नेपाललाई शान्त प्रजातान्त्रिक मुलुकको रुपमा स्थापना गर्न दत्तचित्त छ। नेपालमा प्रजातन्त्रको कुनै विकल्प वा तानाशाही शासन हामीलाई मान्य हुने छैन।

**जनता वीचको असमानताको अन्त्य**

गाँउ र शहरमा वस्ने जनताहरु वीच वढ्दै गइरहेको आर्थिक असमानताको अन्त्यका लागि सरकारले प्रभावकारी कदम चाल्नै पर्ने स्पष्ट नीतिहरु निर्माण गर्न नेराविपा प्रतिवद्ध छ।

**स्वच्छ सरकार**

राष्ट्रको विकासका लागि स्वच्छ सरकार अपरिहार्य हुन्छ। स्वच्छ सरकारको स्थापना गरी भ्रष्टाचारका विरुद्ध अत्याधिक जरिवाना सर्वस्वहरण सहित कैदको सजाय गराउन नेराविपा क्रियाशिल हुनेछ।

**मर्यादित राजतन्त्रात्मक संसदीय प्रजातान्त्रिक व्यवस्थाको निरन्तरता**

स्वच्छ मर्यादित राजतन्त्रात्मक सरकारका सफल नमूनाहरु वेलायत, जापान र थाइल्याण्डमा विद्यमान छन्। त्यसै किसिमको व्यवस्था नेपालको लागि पनि उपयुक्त हुन सक्छ। राजसंस्था नेपालको एकताको प्रतिकको रुपमा रहोस् भन्ने हाम्रो चाहना हो।

**क्षेत्रहरुको महासंघको गठन सहित स्थानीय तहको स्वशासित सरकारको स्थापना**

नेपाल वहुजातीय राष्ट्र हो जहाँ प्रत्येक जिल्लाको आफ्नै विशेषताहरु छन्। क्षेत्रीय सरकारहरु रहने प्रत्येक जिल्लाले आफ्नो विशेषता देखाउनेछ। नेपालमा यसै किसिमको स्वशासन उपयुक्त हुन्छ जहाँ समाजलाई स्थायित्व प्रदान गर्न सहज हुन्छ। नेराविपाको विचार अनुसार यो नै सवैभन्दा सक्षम र प्रभावकारी तरिका हुनसक्छ जहाँ सर्वसाधारणलाई प्रशासकीय सेवा प्रदान गर्न सहज हुनुका साथै राजनीतिमा जनताको रायलाई प्रतिविम्वित गर्न सकिनेछ।

# ४. नेपालको आफ्नै राजनैतिक व्यवस्थाको सोच

'प्रजातन्त्र' भनिने राजनैतिक व्यवस्थामा विविधता पाइन्छ। राज्यको ऐतिहासिक पृष्ठभूमि र राज्य संरचनाको आधारमा प्रजातन्त्रको रुप निर्धारण भएको हुन्छ। नेपालले पनि आफ्नो राष्ट्रिय अवस्था हेरी उपयुक्त राजनैतिक व्यवस्था अवलम्वन गर्नुपर्छ। संसारमा भएका प्रगति र परिवर्तनहरुवाट पाठ सिकेर नेपाललाई सुहाउँदो राजनैतिक व्यवस्थाको प्रतिपादन गरिनुपर्दछ। २०६३ सालको सफल जन आन्दोलनको भावनालाई कदर गर्दै संबिधान सभाको निर्णयानुसार मर्यादित राजतन्त्र सहितको लोकतान्त्रिक संबिधान कायम हुनपर्छ भन्ने हाम्रो धारणा छ।

यसको लागी छलफल गरिनुपर्ने विषयहरु निम्न वमोजिम हुन् :

- आधारभूत मानव अधिकार र लोकप्रिय सार्वभौमिकताको प्रत्याभूति
- द्विसदनात्मक व्यवस्थापिका र मन्त्रिपरिषद्को गठन (सांसदहरु मध्येवाट मात्र)
- व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बीच कार्य र अधिकारको स्पष्ट विभाजन
- संघीय शासन व्यवस्था जसमा क्षेत्रीय सरकार र स्थानीय स्वशासित सरकारलाई अत्याधिक अधिकार होस्
- प्रधानमन्त्रीको पाँचवर्षे पदावधि वढीमा दुईपटक मात्र कायम गर्ने, ३० वर्ष पूरा गरेको नागरिक माथिल्लो सदनको र २५ वर्ष पुगेको तल्लो सदनको उम्मेदवार वन्न पाउने र वालिगले मतदान गर्न पाउँने विश्वव्यापी मान्यतालाई नेपालमा पनि लागू गर्ने।




*तीन अङ्गको विभाजन*

- राजाको स्थान

    - तल्लो सदनले छनौट गरी माथिल्लो सदनले मान्यता दिएको व्यक्तिलाई औपचारिक रुपमा प्रधानमन्त्रीमा नियुक्ति गर्ने ।
    - प्रधानमन्त्रीको शिफारिसमा माथिल्लो सदनमा १० जना सांसदलाई औपचारिक रुपमा नियुक्त गर्ने ।
    - मन्त्रीपरिषद्को निर्णयमा राष्ट्रिय समारोह र मामिलाहरुमा प्रतिनिधित्व गर्ने । यसरी गरिने काम कामकारवाहीको जिम्मेवारी राजाको नभई मन्त्रीपरिषद्को हुनेछ ।
    - राजदरवार सम्वन्धी सम्पूर्ण व्यवस्थापन संसदले तोकेवमोजिम हुनेछ ।

# नेराविपाले नेपालका लागि परिकल्पना गरेको संघीय व्यवस्था र क्षेत्रीय सरकारहरुको परिचय

हामी सातवटा क्षेत्रीय सरकारहरुको स्थानीय प्रशासन भएको संघात्मक व्यवस्थाको पक्षमा छौं ।

**कारणहरु**

- नेपाल वहुजातीय राष्ट्र हो । मुख्य शहरमा वाहेक जातीय समूहहरु आफ्नै क्षेत्रमा वसोवास गर्दछन् । यसर्थ एउटै संस्कृति र जातीय समूहहरुलाई समेटेर गठन गरिने क्षेत्रीय सरकार नेपालका लागि सुहाउँछ ।
- क्षेत्रीय सरकारको गठन गर्ने व्यवस्थाले जनतालाई राजनीतिमा सहभागी हुने अवसर वढाउँछ । जनताको अत्याधिक सहभागिताले र राजनीतिमा प्रजातन्त्रले सवलरुपमा काम गर्ने तर्फ उन्मुख हुन्छ ।
- केन्द्रीय सरकारद्वारा प्रदत्त वृहद् अधिकार प्राप्त क्षेत्रीय सरकारमा विभिन्न जातीहरुको प्रतिनिधीत्व भइ स्थानीय नागरिकहरुलाई संतुष्टि प्रदान गर्नको साथै सामाजिक स्थायित्व कायम गर्न योगदान पुग्नेछ ।
- व्यापक केन्द्रीय नोकरशाही तन्त्रलाई प्रभावहिन वनाउन र राजनैतिक ज्ञान भएका व्यक्तिहरुलाई सजिलो पार्न यो नीति भौगोलिक रुपमा उपयुक्त र नेपालको राष्ट्रिय परिस्थिति अनुकुलको हुन्छ ।

# १. स्थानीय स्वशासन र विकेन्द्रिकरणको लक्ष्य सहित नेराविपाले प्रस्ताव गरेको सातवटा प्रशासनिक क्षेत्रहरु

हामीले हालका पाँच विकास क्षेत्रहरुलाई सात क्षेत्रमा वढाई निम्न वमोजम शहरहरुमा तिनका राजधानीहरु राख्ने प्रस्ताव गरेका छौ :

| क्षेत्र | राजधानी |
|---|---|
| मेची-कोशी | इटहरी |
| सगरमाथा | वर्दीवास |
| नारायणी | काठमाडौं |
| गण्डकी | बुटवल |
| डोल्पो-राप्ती | घोराही |
| भेरी-कर्णाली | वीरेन्द्रनगर |
| सेती-महाकाली | अत्तरिया |

केन्द्रीय सरकारको राजधानी नारायणगढमा स्थापित हुनुपर्दछ ।




*नेराविपाद्वारा प्रस्तावित क्षेत्रीय नक्सा*

प्रस्तुत धारणा यस पार्टीका संस्थापक अध्यक्षको एक हजार दिनको नेपाल राष्ट्रभर पूर्व-पश्चिम र उत्तर-दक्षिणको विस्तृत यात्रापछि आएको हो ।

## २. स्थानीय र क्षेत्रीय सरकारको संगठन :

स्थानीय नागरिकहरुलाई सरकारमा सहभागी गराउने मार्ग प्रशस्त पार्न क्षेत्र, शहर र गाँउ स्तरमा प्रत्यक्ष निर्वाचन मार्फत व्यवस्थापिकाको व्यवस्था गरिनुपर्छ । प्रत्येक सरकारी इकाइको आफ्नै प्रमुख कार्यकारीको व्यवस्था हुनुपर्छ । ती कार्यकारीहरुको चयन राष्ट्रपतीय पद्धतिमा जस्तो प्रत्यक्ष निर्वाचनद्वारा गरिनुपर्दछ ।




*स्थानीय स्वशासित निकायको तालिका*

गभर्नर, मेयर, पार्टी आदिले गर्ने सत्ताको एक पक्षीय अभ्यासभन्दा स्वच्छ प्रशासन प्रदान गर्न प्रत्येक जिल्लामा प्रशासनिक परिषद्को व्यवस्था गरिनेछ जो मुख्य प्रशासकीय अंगबाट स्वतन्त्र हुनेछन् ।

शहर, नगर र गाँउहरुले क्षेत्रीय सरकारको उच्च निकाय निर्माण गर्नेछन् । ५०,००० भन्दा वढी  जनसंख्या भएको सुविधा सम्पन्न क्षेत्रलाई शहर भनिनेछ । १०,००० देखि ५०,००० सम्म जनसंख्या भएको क्षेत्र नगर र सो भन्दा कम जनसंख्या भएका क्षेत्र गाँउ कहलिने छन् तर प्रत्येक गाउँको न्यूनतम जनसंख्या ५,००० हुनुपर्नेछ । क्षेत्र, शहर, नगर र गाउँको सरकार आफ्नो क्षेत्रको लागि जिम्मेवार हुनेछन् ।

## ३. न्यायपालिकाका तीन तह

नेपालको न्यायप्रणाली राष्ट्रिय सर्वोच्च अदालत, पुनरावेदन अदालत र तल्ला अदालतहरु वा जिल्ला गरी जम्मा तीन तह रहनेछन् जो कार्यपालिका र व्यवस्थापिकाबाट स्वतन्त्र हुनेछन् ।




*तीन तहको न्याय प्रणाली*

## ४. क्षेत्रीय एवं स्थानीय सरकारका काम, कर्तव्य र अधिकार

### (क) व्यवस्थापकीय शाखा

**क्षेत्रीय सभाको काम**

- कानूनको निर्माण र खारेजी र वजेट निर्माण, स्थानीय कर, शुल्क र महशुलको निर्धारण जो केन्द्रीय सरकारसम्म तादम्यताका साथ गरोस् ।
- सभाका सभामुख, उपसभामुखको चयन र अनुगमन समितिका सदस्यहरुको नियुक्ति
- गभर्नरले नियुक्त गरेका उच्च पदस्थ अधिकारीहरुको निश्चित गर्ने
- जनगुनासा सुनी चाल्नुपर्ने कदम चाल्ने
- गभर्नरको अविश्वासको मतमा निर्णय गर्ने
- सभावाट माथिल्लो सदनका लागि ५ जना सदस्य चुन्ने

**शहर, नगर र गाउँ सभाको काम कर्तव्य र अधिकार**

शहर, नगर र गाउँ सभाको काम कर्तव्य र अधिकारहरु पनि क्षेत्रीय सभाकै जस्ता हुनेछन् । तर यी निकायहरुले जनगुनासा सुनी आफै निर्णय दिनेछन् वा क्षेत्रीय सरकारलाई उचित निर्णयको लागि अनुरोध गर्नेछन् ।

(ख) **कार्यकारी शाखा**

**क्षेत्रीय गभर्नरका काम कर्तव्य र अधिकार**

- केन्द्रीय सरकारसँग समन्वय राखी स्थानीय कर लगाउने तथा असूल गर्ने,
- विधेयक पेश गर्ने, वजेट संकलन गरी कार्यान्वयन गर्ने र सभामा वजेटको आय व्ययको विवरण पेश गर्ने,
- स्थानीय सरकार प्रमुखहरुको निरीक्षण, नियन्त्रण गर्ने ।
- कृषि, उद्योग, व्यापार, पर्यटन, वृक्षारोपण,वाढी नियन्त्रण गर्ने र स्थानीय विकासको लागि सामाजिक र क्षेत्रीय राजधानीको निर्माण गर्ने,
- शिक्षा, स्वास्थ्य, सरसफाई, सामाजिक सुरक्षा, प्रहरी, दमकल सेवा, वातावरण, कल्याण आदि कार्य गर्ने,
- गाँउ, नगर, र शहरको निरीक्षण गरी आवश्यक सरसल्लाह दिने र आवश्यक सहयोग उपलब्ध गराउने,

**गाउँ, नगर र शहरका प्रमुखको काम कर्तव्य र अधिकार**

गाउँ नगर र शहरका प्रमुखको काम कर्तव्य र अधिकार कम वेसी क्षेत्रीय गभर्नर जस्तै हुनेछ । यस वाहेक प्रमुखहरुले जनगुनासा सुन्ने र संभव भएसम्म ती गुनासा आफै समाधान गर्ने र नभए क्षेत्रीय सरकार समक्ष पेश गरी आवश्यक कारवाही गर्नेछन् । नागरिकता दर्ता र आवासीय विदेशीहरुको दर्ता स्थानीय निकायको कर्तव्य हुनेछ ।

**आयोगहरुको स्थापना**

नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गाउँ, नगर, शहर र क्षेत्रीय सरकारका निम्न वमोजिम आयोगहरु हुनेछन् ।

**निर्वाचन आयोगः** स्थानीय प्रशासनिक अंगको निर्वाचनको निरीक्षण गर्ने
**सामान्य मामिला आयोगः** प्रमुख कार्यकारीको कार्यको अनुगमन, योजना र कार्यान्वयन गर्ने
**लोक सेवा आयोगः** स्थानीय कर्मचारीहरुका व्यक्तिगत मामिलाहरुको अनुगमन गर्ने
**आर्थिक आयोगः** वजेट निर्माण र स्थानीय कर संकलनको अनुगमन गर्ने
**उद्योग-वाणिज्य आयोगः** स्थानीय कृषि, उद्योग, व्यापार आदिको समन्वय तथा अनुगमन गर्ने
**शिक्षा आयोगः** विद्यालय लगायतका शिक्षण संस्थाहरुको अनुगमन गर्ने
**सार्वजनिक सुरक्षा आयोगः** स्थानीय प्रहरीको संचालन र अनुगमन गर्ने
**लेखापरीक्षण आयोगः** स्थानीय सरकारको लेखापरीक्षण गर्ने

आयोगहरुमा सकेसम्म कम सदस्यहरु राखिनेछ। यसवाहेक आवश्यकतानुसार विशेष कार्यका लागि समयावधि तोकी अन्य आयोगहरु पनि गठन गर्न सकिनेछन्।

सवै आयोगहरु केन्द्रीय सरकारको कुनै विभागसँग सम्वन्धित हुनेछन् र स्वशासित अंगको रुपमा कार्य गर्नेछन्। व्यवहारिक रुपमा संघीय सरकारका कर्मचारीहरुलाई क्षेत्रीय सरकारका पदाधिकारीहरुमा नियुक्त गर्न सकिनेछ।

स्थानीय र क्षेत्रीय सरकारहरुले केन्द्रीय सरकारले तोकेको अधिकार र सीमा भित्र रही कार्य सम्पादन गर्नेछन्। केन्द्रीय व्यवस्थापिकाले निर्माण गरेको कानून अनुसार सवै क्षेत्रीय र स्थानीय सरकारहरु एकरुपतापूर्वक संचालन हुनेछन्। संघीय सरकारलाई स्थानीय र क्षेत्रीय सरकार विघटन गर्ने सम्मको अधिकार हुनेछ।

**(ग) क्षेत्रीय सरकार गठन प्रक्रिया**

निम्न चरणहरुमा क्षेत्रीय सरकार गठन गरिनेछ।

**पहिलो चरणः** देशको संघीय र क्षेत्रीय शासन व्यवस्थाको स्थापना जनताको सम्मतिमा संविधान सभाको निर्वाचनका माध्यमवाट गरिनेछ।
**दोस्रो चरणः** आउने सभाले योजना समिति गठन गर्नेछ जसले क्षेत्रीय सरकारका लागि आवश्यक विविध पक्षहरु वारेमा अध्ययन गरी गाउँ, नगर र शहरका लागि आवश्यक राजनैतिक निकायको स्थापना वारे निक्यौल गर्नेछ। हाम्रो विचारमा योजना समितिमा पचहत्तरै जिल्लावाट १/१ जना प्रतिनिधि रहनेछन् जसमा सम्वन्धित क्षेत्रका विशेषज्ञका साथै केही सदस्यहरु सभावाट समावेश गरिनेछ।
**तेश्रो चरणः** समितिले आफ्नो प्रतिवेदन सरकार समक्ष पारित गर्नका लागि पेश गर्नेछ र तदनुसार संघीय र क्षेत्रीय सरकारहरु अस्तित्वमा आउनेछन्।
**चौथो चरणः** यस चरणमा क्षेत्रीय सरकारको निर्वाचन सम्पन्न हुनेछ।
**पाँचौ चरणः** क्षेत्रीय सभाले एक कार्यकारी समितिको निर्माण गर्नेछ जसमा यसै समितिको केही सदस्यसहित केन्द्रीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विशेषज्ञ समेत समावेश गरी योजना कार्यान्वयन गरिनेछ।

व्यवस्थापिकाको स्थापनाका लागि नेराविपाले निम्न वमोजिम राय प्रस्तुत गर्दछ।

**(घ) व्यवस्थापिका (प्रस्तावित)**

सवै सदनका सभामुखहरुको छनौट सम्वन्धित सदनका सदस्यहरु मध्येवाट गरिनेछ।

| व्यवस्थापिका | सदस्य संख्या | छनौट प्रक्रिया | उम्मेदवार वन्न आवश्यक सिफारिश संख्या | पदावधि |
|---|---|---|---|---|
| तल्लो सदन | २०५ | राष्ट्रिय आम निर्वाचन | २०० | ५ वर्ष |
| माथिल्लो सदन | ८५ | ३५ जना क्षेत्रीय सभावाट, ४० जना राष्ट्रिय आम निर्वाचनवाट र १0 जना मनोनित गर्ने | २०० | ६ वर्ष (तिन वर्ष खप्टिने) |
| क्षेत्रीय सभा | ४५ | क्षेत्रगत स्थानीय निर्वाचन | १00 | ४ वर्ष |
| स्थानीय सभा | | | | |
| शहर | २१-३१ | स्थानीय निर्वाचन | ५0 | ४ वर्ष |
| नगर | १५-२१ | स्थानीय निर्वाचन | ३0 | ४ वर्ष |
| गाउँ | ७-११ | स्थानीय निर्वाचन | २0 | ४ वर्ष |

**(ङ) कार्यपालिका**

**केन्द्रीय सरकार**

केन्द्रीय सरकारले स्थानीय सरकारलाई संभव भएसम्म वढी अधिकार प्रत्यायोजन गर्नेछ। तर आर्थिक रुपमा आधुनिक राष्ट्रको लक्ष्य हासिल गर्न मजवुत केन्द्रीय सरकार आवश्यक पर्नेछ जसले राष्ट्रियस्तरका र अन्तर्राष्ट्रिय मामिलासम्वन्धि नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्षम हुनेछ र स्थानीय सरकारका काम कारवाहीको समन्वय गर्नेछ। केन्द्रीय सरकारले शिक्षा व्यवस्था, सामाजिक सुरक्षा स्तर निर्धारण, विविध नीति नियमहरु र विभिन्न अनुमतिपत्रहरु वितरण गर्ने कार्यमा समन्वय गर्नेछ। तर विस्तृत कार्यान्वयनको जिम्मा स्थानीय निकायहरुलाई दिइनेछ।

कुटनीति, सेना, राष्ट्रव्यापी यातायात, संचार आदि केन्द्रीय सरकारको मातहतमा रहनेछन्। आर्थिक तथा कर नीति निर्धारण गर्ने र राष्ट्रिय योजनाहरुको प्रवर्द्धन गर्ने कार्य पनि केन्द्रीय सरकारको हुनेछ। केन्द्रीय सरकारले क्षेत्रहरुको महासंघमा एकता कायम गर्ने समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्नेछ।

**क्षेत्रीय सरकार**

लोकप्रिय मतदानवाट निर्वाचित गर्भनर सो क्षेत्रका सम्पूर्ण मामिलाहरुका लागि जिम्मेवार हुनेछ जस अन्तर्गत विभिन्न कार्यकारी समितिहरुको गठन गरिनेछ। समितिका सदस्यहरु सो क्षेत्रका विशेषज्ञहरु, सुपरिचित व्यक्तित्वहरु र वौद्धिक व्यक्तित्वहरु मध्येवाट गर्भनरले नियुक्त गर्नेछ।

**स्थानीय सरकार**

गाउँ, नगर र शहरका प्रमुखहरु सम्वन्धित स्थानीय क्षेत्रवाट वालिग मताधिकारको आधारमा निर्वाचित हुनेछन् र आ-आफ्नो क्षेत्रको काम कारवाहीप्रति जिम्मेवार हुनेछन्। क्षेत्रीय सरकारका समितिहरु जस्तै गठन गरी कार्य सम्पादन गर्ने व्यवस्था गरिनेछ।

# अर्थतन्त्र

## १. नेपालको अर्थतन्त्रको वर्तमान अवस्था

प्रतिव्यक्ति आय, कूल आय र गार्हस्थ उत्पादनका हिसावले नेपाल संसारका सवभन्दा गरीव राष्ट्रहरुमा पर्छ । अन्य देशहरुको तुलनामा नेपालको वर्तमान आर्थिक स्थिति निम्न वमोजिमको छः

| देश | कूल गार्हस्थ उत्पादन (अरब अमेरिकी डलरमा) | | प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) | | | आर्थिक वृद्धि दर % |
|---|---|---|---|---|---|---|
| | | | कुल गार्हस्थ उत्पादन अनुसार | | क्रय शक्ती अनुसार | |
| | १९८० | २००३ | १९८० | २००३ | २००३ | १९७५-२००३ |
| नेपाल | २ | ६ | १४० | २४० | १,४२० | २.१ |
| अमेरिका | २,७७० | १०,९५० | १२,९८० | ३७,८७० | ३७,५६२ | २.० |
| जापान | १,०६३ | ४,३०० | १०,४३० | ३४,१८० | २७,९६७ | २.४ |
| थाइल्याण्ड | ३२ | १४३ | ७२० | २,१९० | ७,५९५ | ५.१ |
| भारत | १८२ | ६०० | २७० | ५४० | २,८९२ | ३.३ |
| श्रीलंका | ४ | १८ | २८० | ९३० | ३,७७८ | ३.४ |
| वंगलादेश | १८ | ५२ | २१० | ४०० | १,७७० | १.९ |
| चीन | १८८ | १,४१७ | २२० | १,१०० | ५,००३ | ८.२ |
| यूगाण्डा | १ | ६ | | २५० | १,४५७ | २.६ |

मानव विकास प्रतिवेदन २००५ राष्ट्रसंघीय विकास कार्यक्रम

*विकसित तथा छिमेकी राष्ट्रमा अर्थतन्त्रको तुलनात्मक तालिका*

माथिको तालिकावाट स्पष्ट हुन्छ कि नेपालको आर्थिक वृद्धि गत २५ वर्षमा निकै निम्न स्तरले भयो । खुला वजार नीति अवलम्वन गरिसकेपछि उल्लेखनीय आर्थिक वृद्धि गर्न सफल राष्ट्रहरु चीन र भारतको वीचमा अवस्थित नेपालले पुरातन अर्थ नीतिका कारण आर्थिक विकासको लक्ष्य हासिल गर्न नसकेकोले सो लक्ष्य हासिल गर्न वर्तमान नीतिमा आमूल परिवर्तन गर्नैपर्छ ।

नेपालमा आर्थिक विकासका वाधकहरुको रुपमा पूँजीको र प्राविधिक ज्ञानको अभाव, कमजोर यातायात व्यवस्था, सीमित वजार, भू-परिवेष्टित मूलूक, भौगोलिक रुपमा असक्त आदि कारणहरु अगाडि सार्ने गरिन्छ ।

तथापि नेराविपा नेपालको द्विध्रुवीय समाजको प्रकृति तर्फ जोड दिन चाहन्छ । प्रशासनयन्त्रमा संलग्न व्यक्तिहरु उच्च आर्थिकस्तरमा छन्, तर तिनीहरु अत्याधिक जनताहरुलाई गरीवीको रेखावाट मीथ उठाउन कुनै कदम चाल्न प्रयत्न नै गर्दैनन् । धनाढ्यवर्ग कतिसम्म वेमतलवी छनभने देश समुन्नत भयो भने त्यसको प्रतिफल आफ्ना भावी पुस्ताले लाभ उठाउन सक्छन् भन्ने नै वुझेका छैनन् ।

यस अवस्थालाई नेराविपा गम्भीरतापूर्वक लिइ हाम्रो देश विकासका लागि हामीहरुले नै तत्काल ठोस कदम चाली राष्ट्रको अत्यन्त महत्वपूर्ण पक्ष देशको आर्थिक विकासको लक्ष्य हासिल गर्नैपर्छ भन्ने संकल्प गर्दछ ।

नेराविपा यस्तो प्रजातान्त्रिक पद्धतिको पक्षमा छ जसमा प्रत्येक नागरिकले आफ्नो क्षमता प्रस्फुरित गर्नसक्ने गरी आर्थिक विकास गर्न सकोस्, जुन राष्ट्रको लागि अति महत्वपूर्ण छ । तसर्थ आर्थिक वृद्धिको लक्ष्य हासिल गर्नका लागि देशको प्रजातान्त्रिकरणको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ ।

## २. विश्वका आर्थिक परिवर्तनहरु

नेपालको अर्थतन्त्रको वारेमा विचार गर्दा विश्वका आर्थिक परिवर्तनका वारेमा जानकारी हुनु सान्दर्भिक हुन्छ ।

### पूँजीवादी अर्थतन्त्रमा परिवर्तनहरु

पूँजीवादी अर्थतन्त्रको शुरुवात वेलायतवाट औद्योगिक क्रान्तिको अवधिमा अठारौं शताव्दीको पछिल्लो अर्ध शताव्दीमा भएको हो । यसैगरी वेलायतका एडम स्मिथले नीजिकरणीय अर्थशास्त्रको वकालत गरे जसमा अर्थतन्त्रमा राष्ट्रद्वारा गरिने संरक्षण र हस्तक्षेपले अर्थतन्त्रमा हानि पुऱ्याउने प्रसंग उल्लेख छ । त्यसैगरी अप्रत्यक्ष भूमिका र अनियन्त्रित वजारीय शक्तीहरुले नै समाजका लागि सवभन्दा ठूलो योगदान दिने तथ्य उल्लेख थियो । उनले प्रतिपादन गरेको वेलगाम आर्थिक स्वतन्त्रताले वीसौं शताव्दी प्रवेश सँगै आर्थिक वृद्धिको साथसाथै एकाधिकार पूर्ण पूँजीवादतर्फ पनि धकेल्यो । यसले गर्दा वजार विस्तार तथा श्रोतहरु प्राप्त गर्न उपनिवेश खडा गराउन कडा टक्कर सिर्जना गऱ्यो । जो कालान्तरमा साम्राज्यवाद कहलियो ।


J. M. Keynes
(1883~1946)

त्यसपछि पूँजीवादी एकाधिकार संक्रमणकालमा प्रवेश गरी सुधारोन्मुख पूँजीवाद तर्फ उन्मुख भयो । वेलायती अर्थशास्त्री जोन मेनार्ड किन्स्को भनाईमा वेरोजगारी र कुण्ठाले प्रथम विश्वयुद्ध तर्फ धकेल्यो तसर्थ पूर्ण रोजगारी र आर्थिक सुधारका लागि स्वतन्त्र वजार भन्दा सरकारले अर्थतन्त्रमा सक्रिय हस्तक्षेप गर्नुपर्ने अवस्था आयो ।

सन् १९२९ मा न्यूयोर्क शेयर वजारमा लगातार चार वर्षसम्म गिरावटका कारण अर्थतन्त्र तहसनहस नै भयो जसलाई विशाल आर्थिक संकटको शुरुवात मानियो र त्यो अवस्था फ्र्याङ्कलिन डेलानो रुजवेल्ट राष्ट्रपति भई सो अवस्थाबाट मुलुकलाई मुक्त गर्ने कडा कदम 'नयाँ सौदा' लागू नभएसम्म कायम रह्यो । यी आर्थिक क्रियाकलापहरुलाई नियन्त्रणमा राख्नका लागि आर्थिक र मौद्रिक नीति मार्फत् सरकारले गर्ने हस्तक्षेपको शुरुवात थियो जसले मिश्रित अर्थतन्त्रको जन्म दियो । कालान्तरमा राष्ट्रिय एकाधिकार एकतर्फ रहँदै गयो भने पूँजीवादी व्यवस्थाले पूँजीवादलाई संरक्षण गर्दै गयो ।

दोश्रो विश्वयुद्ध पछि विकसित पूँजीवादीहरुले आर्थिक अवस्थाहरु स्थिर राख्न, पूर्ण रोजगारीको व्यवस्था गर्न र केही हदसम्म आर्थिक समानता कायम गर्न र देशलाई कल्याणकारी राज्यमा परिवर्तन गर्नका लागि सरकारद्वारा हस्तक्षेप गर्ने चलन चलाए । सामाजिक सुरक्षा प्रणालिको विकासले समाज झन् विकसित भएको छ ।

## समाजवादी अर्थशास्त्रीहरुका परिवर्तन

पूँजीवादी अर्थतन्त्र विकसित हुन लागेकै वेलामा जर्मनीमा कार्ल मार्क्स र उनको साथी फ्रेडरिक एंजेल्सले पूँजीवादको विश्लेषण गरी समाजवादी अर्थतन्त्रको अवधारणा प्रस्तुत गरे जो सन् १८४८ मा साम्यवादी घोषणा पत्र नै वन्न पुग्यो। रुसमा वोल्सेभिक क्रान्तिको नेतृत्वकर्ता भ्लादिमिर इलिच लेनिनले सन् १९१७ मा यस सिद्धान्तलाई लागू गरी सोभियत सरकार गठन गरे। 'सोभियत' को अर्थ रुसी भाषामा परिषद् हो। सन् १९२२ मा सोभियत शासन सोभियत समाजवादी गणतन्त्रहरुको संघ (यु.एस.एस.आर) भयो।



Karl Marx
(1818~1883)

सोभियत संघ त्यस पछिका ३0 वर्ष सम्म केही हदसम्म पूँजीवादीहरुको अगुवा देश अमेरिकाको हाराहारीमा र सोभियतको पक्षको नेतृत्वमा रह्यो। तथापि यसका अर्थतन्त्र र राजनैतिक व्यवस्था सन् १९९१ म विफल भयो। सोभियत संघ पनि टुक्रा टुक्रा भयो। तत्पश्चात रुस र त्यसवाट टुक्रिएर स्वतन्त्र भएका अन्य १५ वटा देशहरुले समाजवादी अर्थतन्त्रको परित्याग गरी पूँजीवादी व्यवस्था लागू गरे।

यसै वीच सन् १९४९ मा चीनमा जनवादी गणतन्त्र चीनको स्थापना यसका प्रथम नेता माओत्सेतुङको नेतृत्वमा भयो। माओले आफ्नो अनुभवबाट किसानहरुको आन्दोलनको नेताको हैसियतमा जन सम्प्रदायको सामाजिक संरचनामै परिवर्तन गरे र सन् १९५८ मा एक क्षेत्रका सवै जनताहरुलाई ग्रामीण उत्पादन व्यवस्थामा संगठित गरे। तथापि यसले राष्ट्रिय अर्थतन्त्रमा शिथिलता ल्यायो। सांस्कृतिक क्रान्तिले चीनमा हदै सम्म नोक्सान पुऱ्यायो र धेरै जसो पुरातन सांस्कृतिलाई ध्वस्त पाऱ्यो। सन् १९७५ मा जनताहरुसँग परामर्श कार्य परित्याग गरियो र १९८0 मा आर्थिक सुधार कार्यको शुरुवात गरियो। तत्पश्चात् सन् १९९३ मा संवैधानिक पुनरावलोकन मार्फत् समाजवादी वजार अर्थतन्त्र लागू गरियो।

कुनै समयमा ४0% जनसंख्या समाजवाद तर्फ ढल्किएको थियो। तथापि वीसौं शताव्दी समाप्तिसँगै सोभियत संघ र पूर्वी यूरोपको समाजवादी अर्थतन्त्र धरासायी हुदै पूँजीवादी अर्थतन्त्रद्वारा विस्थापित हुदै गए। चीनमा पनि वजार अर्थतन्त्रमा आधारित पूँजीवादी सिद्धान्तको शुरुआत गरियो तर भारतमा खुल्ला आर्थिक नीति अवलम्वन गरियो। परिणामस्वरुप नेपालसँग जोडिएका दुई ठूला देशहरुले अपेक्षित आर्थिक वृद्धि भएको महसुस गर्दैछन्।

## विश्वको अर्थतन्त्रको अवस्था

पूँजीवादी अर्थतन्त्रमा सम्पत्तिको वितरण द्विध्रुवीय हुन सहज हुन्छ, जसको उचित नियन्त्रण भएन भने अनेकौं समस्याहरु खडा हुन्छन् । वजार अर्थतन्त्र यस्तो व्यवस्था हो जहाँ 'धनीहरु झन् झन् धनी हुँदै जान्छन् भने गरीव झन् गरीव' । तसर्थ आर्थिक नीति निर्माण गर्दा हामी अत्यन्तै होसियार हुनुपर्दछ । यसमा पूँजीवादी अर्थतन्त्रका नकारात्मक पक्षहरु देखा नपरोस् । साथसाथै समान आर्थिक स्तर कायम गर्न र जनताको आयमा समानता कायम गराउन, पूर्ण रोजगारी प्रर्वद्धन गर्न र कल्याणकारी राज्यको अनुभूति दिन सरकारले कठोरतापूर्वक हस्तक्षेप गर्नैपर्दछ । संसार द्रुत गतिमा परिवर्तन हुँदैछ ।




*आर्थिक परिवर्तनका नमूनाहरु*

नेराविपाले विस्तृत राष्ट्रिय विकासलाई नै आर्थिक नीतिका आधार स्तम्भ वनाउनेछ । राष्ट्रिय उत्पादन वृद्धि र आधारभूत संरचनाहरुको निर्माण गरी आर्थिक क्रियाकलापहरुमा वढोत्तरी ल्याई नेपाललाई एक सफल कल्याणकारी राज्यको रुपमा परिणत गर्नेछौं ।

# ३. आर्थिक नीति

झण्डै आधा शताव्दी देखि नै पूँजीवादी पाराको अर्थव्यवस्था कायम रहेको पाइन्छ जसलाई केही स्वतन्त्रता सहित निरन्तरता दिनु उचित हुन्छ । सरकारद्वारा नियन्त्रित र योजनावद्ध समाजवादी अर्थतन्त्र लागू गरिनु हुँदैन । जनताको शक्ति प्रस्फुटित गर्ने किसिमको खुल्ला अर्थतन्त्र नेपालको लागि उचित हुने तथ्यमा नेराविपा विश्वस्त छ ।

हामीहरुले स्वच्छ आर्थिक प्रवृत्तिका साथ विकासको क्रान्ति नै ल्याउनुपर्दछ । आर्थिक संयन्त्रको सुधार र परीक्षण गरी राष्ट्रिय अर्थतन्त्रमा उन्नति गर्नुपर्दछ ।




*राष्ट्रिय अर्थतन्त्रको संचार*

ठोस आर्थिक विकास नीतिका लागि नेराविपाले विस्तृत राष्ट्रिय विकास आयोजनाको कार्यान्वयन गर्ने कुरालाई पटक पटक उल्लेख गरी आएको छ जसले रोजगारीका अवसर बढ्नुका साथसाथै औद्योगिक आधारभूत संरचनाहरुको निर्माण गराउँनेछ । यसैवीच पर्यटन, कृषि, खाद्य प्रशोधन, हल्का रासायनिक, जडीवूटी खेती जस्ता उद्योगहरुलाई प्रोत्साहित गरिनेछ ।

नेपाल राष्ट्रको अर्थतन्त्रका बारेमा चिन्तन गर्दा काठमाडौंबाट भन्दा तराई क्षेत्रको दृष्टिकोणवाट हेरिनुपर्दछ । यदि हामीले तराईमा औद्योगिक वातावरण र वसोवास व्यवस्था सुधार गर्ने प्रवन्ध मिलाउन सक्यौं भने जनताले काठमाडौं मै वस्नु पर्ने अवस्था रहँदैन । यो नै राष्ट्र र अर्थतन्त्रको विकासको अभिन्न अंग हो ।

## ४. आर्थिक नीतिका कठिनाईहरु

सानो उद्योगी 'क' नाम गरेको कुनै व्यक्तिले आफ्नो उद्योग संचालनको दौरानमा भनेको यो किस्सा शिक्षाप्रद छ। त्यो उद्योगी आफ्नो काममा समस्या परेको बारेमा कुनै कार्यालयमा छलफल गर्न गयो। जबाफमा, "तपाईंले केही गर्नु भएकाले न समस्या परेको हो। कुनै कामै नगरेको भए त त्यस्तो अवस्था झेल्नै पर्थेन।" भन्ने जवाफ पायो। शाब्दिक अर्थमा सरकारी कर्मचारीले भनेको कुरा सही जस्तो लाग्छ तर देश विकासको लागि समस्यादेखि भाग्ने प्रवृत्ति प्रत्युत्पादक हुन्छ। वास्तवमा औद्योगिक विकास नीति कडाईका साथ प्रबर्द्धन एवं लागू गरिनुपर्दछ।

दुर्भाग्यवश नेपालमा एउटा प्रमुख समस्या विद्यमान छ। देश विकासका लागि विभिन्न नीतिहरु लागू गरिनु पूर्व यसको समाधान गरिनै पर्दछ। विगत दश वर्षदेखि वहुसंख्यक जनतालाई मतलबै नभएको विषयमा शक्तिका लागि संघर्ष चर्किरहेको छ। यो आर्थिक विकासको वाधक हो। जनता गरिवीमा डुबिरहेको छ। विश्वको आर्थिक विकासमा नेपाल निकै पछि परिरहेको छ यस अवस्थामा नेपाली नागरिकहरु, सरकार र कर्मचारीहरुको प्रवृत्तिमा आमूल परिवर्तनको खाँचो छ। जुन निम्न वमोजिम उल्लेखित छ :

### सरकारी अधिकारीहरुको ज्ञान

सरकारी कर्मचारीहरुले सर्वप्रथम आफुलाई राष्ट्र सेवकको रुपमा मनन् गर्नुपर्दछ। कर्मचारीहरुमा शक्ति र अधिकारको मात लागेको पाइन्छ। यो प्रवृत्तिमा आमूल परिवर्तन गरिनुपर्दछ। उनीहरुले आफूलाई शक्ति केन्द्रको रुपमा भन्दा सेवा भावनाले हेर्नुपर्छ। साथसाथै उनीहरुलाई राजनैतिक हस्तक्षेप पनि हुनुहुँदैन।

### जन साधारणको ज्ञान

समाजका सबै सदस्यहरु उच्च मनोवल एवं नैतिक हिसाबले चल्न प्रेरित गर्नुपर्छ ताकि उनीहरुलाई ज्ञान होस कि उनीहरुकै आर्थिक क्रियाकलापले समाज विकासमा योगदान पुऱ्याउछ। जनताले वुझ्नै पर्दछ कि उनीहरुले तिरेको करले समाजलाई योगदान दिन्छ। उनीहरुले हामीलाई देशले के गऱ्यो भन्ने भन्दा पनि देशलाई हामीले के गर्न सक्छौं भन्ने सोच्नु पर्दछ।

### अन्तर्राष्ट्रिय वजार अर्थतन्त्रमा काम गर्न सक्षम व्यक्तिहरुलाई तालीमको व्यवस्था

हालसालै जापान, चीन लगायत पूर्वी र दक्षिण पूर्वी एसियामा आंशिक रुपमा निर्मित वस्तुहरुको व्यापार, उत्पादन संजाल, जडान कक्षहरु वढेको पाइन्छ जसले गर्दा राष्ट्रहरुका

अर्थतन्त्रहरु एकआपसमा भर पर्नु पर्दछ। नेपालीहरुलाई पनि त्यस किसिमको अन्तर्राष्ट्रिय संजाल भएको उत्पादक उद्योगहरुमा काम गर्न सक्षम वनाउने तालीम दिइनुपर्दछ।

**सामाजिक असुरक्षा**

आर्थिक विकास सामाजिक सुरक्षामा आधारित हुनेछ। दश वर्ष लामो आन्दोलनले देशको सामाजिक सुरक्षणमा नकारात्मक प्रभाव पारेको छ। त्यसकारणले देशमा सुसंगठित सुरक्षित समाजको स्थापनाका लागि शान्ति वहाली गराउनु अत्यावश्यक छ।

**राजनैतिक भ्रष्टाचार**

वर्तमान विश्वमा द्वन्द, भ्रष्टाचार, निम्न स्तरको राजनीति जस्ता प्रमुख कारणहरुले गर्दा जनताहरु गरीवीबाट मुक्ति पाउन सकिरहेका छैनन्। त्यसकारण हामीहरुले यसलाई जरैदेखि उखेलेर फाल्नुपर्दछ।

**नीतिहरुको अभाव**

देशमा केही गरौं भन्ने उद्यमशीलता भएका लगानीकर्ताहरुलाई आकर्षित गर्ने नीतिहरुको अभाव छ। २०४६ सालमा वहुदलीय व्यवस्थाको स्थापनापछि पनि अपूर्ण आर्थिक प्रगतिका कारण हामी अझै पनि अन्य अविकसित राष्ट्रहरु सँगसँगै छौं। हामीहरुले उदार आर्थिक नीति अवलम्वन गर्नुपर्दछ। प्रशासनिक झमेलाहरुलाई सरलिकरण गरी उद्योगीहरुलाई उत्साहित पार्नुपर्दछ अनि मात्र अन्तरदेशीय र अन्तर्राष्ट्रिय लगानीकर्ताहरु आर्कषित हुनेछन् र सुन्दर नेपालको ढोका खुल्नेछ।

# आर्थिक तथा मौद्रिक नीति

## १. आर्थिक नीति :

सार्वजनिक वित्त देशको आर्थिक क्रियाकलाप हो जो स्थानीय र राष्ट्रिय सरकारहरुले करको रुपमा संकलन गरेर सार्वजनिक प्रयोजनको लागि खर्च गर्दछन् । राष्ट्रको आर्थिक कार्यहरुलाई नियमित गर्ने र स्थिर आर्थिक वृद्धि गर्ने कार्यमा आर्थिक नीतिको महत्वपूर्ण भूमिका हुन्छ यसलाई नै राष्ट्रिय अर्थतन्त्रको आधारभूत नीति मानिन्छ ।




*वजेट पारित तथा कार्यान्वयन गर्ने कार्यविधि*

### सार्वजनिक वित्तका कार्यहरु

#### श्रोत वितरणमा नियमन

राष्ट्रिय तथा स्थानीय सरकारहरुले सेवा तथा सार्वजनिक वित्त उपलब्ध गराउंनेछन्। सरकारले दिने सेवाहरु – सडक, विमानस्थलहरु, पानी आपूर्ति, ढल, पार्क निर्माण, प्रहरी, अग्नि नियन्त्रण, शिक्षा, सार्वजनिक स्वास्थ्य आदि हुनेछन्।

#### आम्दानीको पुनर्वितरण

पूँजीवादी समाजमा आयको वितरण आर्थिक रुपमा सम्पन्न तिर हुन्छ र समाजमा आर्थिक असमानता कायम गर्न सो वर्ग उद्यत रहन्छ। नेराविपाले यस अवस्थाको अन्त्यका लागि उच्चदरको प्रगतिशिल कर व्यवस्था लागू गरी समान वितरणका लागि पहल गर्नेछ।

#### अर्थतन्त्रमा स्थायित्व

राष्ट्रिय अर्थतन्त्रमा स्थायित्व कायम गराउन आर्थिक वृद्धिको उचित स्तर कायम गराउने कार्य सरकारले गर्नुपर्दछ। वेरोजगारी वढ्न नदिनका लागि पनि राष्ट्रले उचित आर्थिक नीति अवलम्वन गर्नैपर्छ। मिश्रित नीति भने झैं आर्थिक नीतिको कार्यान्वयनको लागि मौद्रिक नीति पनि अवलम्वन गर्नैपर्छ।

## २. वित्तिय सुधारका महत्वपूर्ण तथ्यहरु :

नेराविपाको आधारभूत वित्तीय नीति सार्वजनिक ऋणपत्रहरु जारी गर्ने, आवश्यक सरकारी लगानी गर्ने, वैदेशिक लगानी भित्र्याउने सार्वजनिक संरचनाहरुको विकास गर्न आवश्यक रकम जुटाउने हुनेछ। सकारात्मक प्रयत्न विना नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर वनाउन संभव छैन भन्ने हाम्रो ठहर छ। रचनात्मक सार्वजनिक वित्त नीतिलाई टेवा पुऱ्याउन नेपालमा “पर्यटन र राष्ट्रिय विकास योजनाको दृष्टिकोण” नामक एक कार्ययोजना नेराविपाको मञ्च हो।

#### सार्वजनिक वित्त प्रणालि

सर्वसाधारणले सहजै वुझ्न सक्ने गरी वजेट व्यवस्था गर्ने हाम्रो योजना छ। जस्तै सामान्य र विशेष लेखा, वजेट पारित, लेखाको मिलान, आदि। सार्वजनिक वित्त व्यवस्था वारेमा हामीहरु एक परामर्श निकायको स्थापना गर्ने सोचमा छौं। यसले वर्तमान आर्थिक पात्रो र आर्थिक वर्ष उपयुक्त छन् कि छैनन् निर्क्यौल गर्नेछ।

### कर व्यवस्था

प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई किसिमले कर लगाइने र उठाइनेछ। जस्तो आयकर, सम्पत्तिकर, उपभोगकर, वितरणकर, पैत्रिक सम्पत्तिकर आदि, जो राष्ट्रिय र स्थानीय कर गरी दुई भागमा विभाजन गरिनेछ। सम्पत्तिकर विस्तृतरुपले पुनरावलोकन गरिनेछ र कडाईका साथ लागू गरिनेछ।

आधारभूत आवश्यकता भन्दा बढि आय-आर्जन गर्ने र सम्पत्ति हुनेहरुलाई प्रगतिशिल र पैत्रिक सम्पत्तिकर उच्च अनुपातमा लगाइनेछ। उदाहरणको लागि जापानमा अन्य आय स्रोत नभएमा तीन पुस्तापछि पैत्रिक सम्पत्तिको कर तिर्न मात्र ठिक्क हुन्छ। हामीहरुले के बुझ्नुपर्दछ भने कर प्रणाली राष्ट्रिय अर्थतन्त्रको आधार हो जसलाई सुधार गर्नुपर्ने आवश्यकता पनि छ।

### सार्वजनिक ऋणपत्रको निष्काशन

सरकारले निजी उपलब्ध कोषको सही सदुपयोग गर्नेछ। आर्थिक वृद्धि गर्न सार्वजनिक ऋणपत्रहरु जारी गर्नेछ र सार्वजनिक क्षेत्रमै लगानी गर्नेछ। यस परिप्रेक्षमा मुद्रास्फितिलाई पनि आवश्यक ध्यान दिइनेछ।




*ऋण पत्रका कार्यहरु*

### वित्तीय नीति

राष्ट्रिय अर्थतन्त्र वित्तीय नीतिद्वारा प्रभावित हुन्छ। तथापि नेपालको वर्तमान स्थितिमा अर्थतन्त्र अझै पुरातन अवस्थामा छ र आर्थिक नीतिले प्रभावकारी रुपमा कार्य गर्न स्थिरतामा आधारित नीतिले मात्र काम गर्दछ। तसर्थ आशा गरौं यस किसिमका नीतिहरु भविष्यमा कार्यान्वयन गरिनेछन्।

नेराविपाको विचारमा सार्वजनिक कार्यहरु जो आर्थिक नीतिको एउटा कार्य हो त्यसलाई दृढताका साथ प्रवर्द्धन गरिनेछ र देशको कूल माग बढाइनेछ ।

## ३. मौद्रिक नीति

### (क) केन्द्रीय बैंकका कार्यहरु र मौद्रिक नीतिमा प्रयुक्त विधिहरु

केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकले नेपालको मौद्रिक नीतिमा केन्द्रीय भूमिका निर्वाह गर्दछ । केन्द्रीय बैंकका तीन प्रमुख कार्यहरु निम्न वमोजिम छन्

(क) नोट निष्काशन र स्थिर आपूर्ति

(ख) सार्वजनिक निजी बैंकहरुको बैंकिंग कार्य,

(ग) कर वुझेर, सरकारी भुक्तानी दिएर, वैदेशिक विनिमय अनुगमन गरेर, अनुमति दिएर सरकारी कारोवारको बैंकको रुपमा कार्य गरेर ।

यी कार्यहरुमध्ये नोटको स्थिर आपूर्ति र मूल्य स्थिरता कायम गराउनु लगायत सवैभन्दा महत्वपूर्ण कार्य मौद्रिक हो । सामाजिक स्थायित्व र आर्थिक वृद्धिका लागि बैंकले निम्न वमोजिम मुद्राको मूल्यमा स्थिरता कायम गराउन तलका तीन मौद्रिक नीति सम्वन्धी कदम चाल्नेछ ।

**उचित दर नीतिः** उपयुक्त दिशामा वजारमा कायम व्याजदरलाई सघाउ पुऱ्याउने व्याज नीति

**खुल्ला वजारमा हस्तक्षेपः** मुद्राको स्थिर मूल्य र आर्थिक वृद्धिको लक्ष्यका साथ विभिन्न लगानी गरेर निजी पूँजीलाई नियमन गर्ने ।

**अवस्था अनुसार मौज्दात भुक्तानी नियन्त्रणः** स्वस्थ आर्थिक वृद्धिको लागि नगद मौज्दात खुल्ला र कडा पार्ने ।

## (ख) मौद्रिक नीतिमा सुधार

यस किसिमको नीति लागू गर्दा देशको अर्थतन्त्र स्वतन्त्र हुनैपर्छ। देशको आर्थिक परिस्थितिसँग मेल खाने मौद्रिक नीति अवलम्वन गर्नु पर्दछ। अत्याधिक व्यापार घाटा भइरहेको वर्तमान अवस्थामा यदि वैदेशिक रोजगारीवाट उल्लेखनीय विप्रेषण नभित्रिएको भए चर्को व्याज, मुद्रा अवमुल्यन र कठोर मुद्रा प्रदाय नीति अवलम्वन गरी जसोतसो चलाउन मात्र सकिन्थ्यो।




*वित्तीय वजार व्यवस्था*

विश्वभर स्वतन्त्र वजार अर्थतन्त्र फैलिरहेको आजको विश्वव्यापीकरणको युगमा तलका आधारभूत नीतिहरुले मुद्रावजारमा खुल्लापनलाई प्रवर्द्धन गर्नेछन्। ढिलो छिटो मौद्रिक स्वतन्त्रता अत्यावश्यक हुन्छ। विशेषगरी नेपाली रुपैयाँ भारतीय रुपैयाँको अनुपातमा निश्चित दरमा कहिलेसम्म कायम राख्ने भन्ने प्रश्न महत्वपूर्ण हो। त्यो अवस्था हालसम्म देखा परेको छैन। नेरु र भारुको समदर हटाउँदा एकपटक नेरुले केही कठिनाई अवश्य पनि भोग्नुपर्ला तर कालान्तरमा परिणामस्वरुप दुवै देशलाई स्वस्थ आर्थिक क्रियाकलापको प्रवर्द्धन गर्न सघाउ पुग्नेछ।

निश्चित विनिमय दरलाई उचित समयमा परिवर्तनशील वनाई मुल्य कायम गराउने व्यवस्था गर्नका लागि नेराविपा परिस्थितिको अध्ययन र अनुसन्धान गर्दैछ। यसै वीच हामीहरुले वचतलाई प्रोत्साहन दिनुपर्दछ। व्याजदर निर्धारण गर्नुपर्दछ। कोषको सहज प्रवाहको प्रवर्द्धन गर्नुपर्दछ र अन्य देशको पनि मौद्रिक उदारिकरण नीतिको अवलम्वन गर्नुपर्दछ। साथसाथै हामीहरुले मौद्रिक अन्तर्राष्ट्रियकरण गर्न पनि शुरु गर्नुपर्दछ। नेराविपाले अध्ययन र अनुसन्धानको आधारमा माथि उल्लेखित कार्यहरु गर्नेछ।

# शिक्षा

## १. आधारभूत अवधारणा

'शिक्षा राष्ट्रको मेरुदण्ड हो ।' स्वस्थ समाजको विकासका लागि यो अनिवार्य छ । राष्ट्रको संरचना निर्माण गर्नका लागी सुव्यवस्थित शैक्षिक व्यवस्थाको स्थापना गर्नु अत्यावश्यक छ । तसर्थ नेराविपा निम्न वमोजिमको सिद्धान्तहरु निर्धारण गर्दछ :

- सवै जनताहरुलाई शिक्षा हासिल गर्ने समान अवसर दिइनुपर्दछ ।
- स्तर बृद्धि गराई देशभरि नै सार्वजनिक विद्यालयहरु खोलिनुपर्दछ ।
- विद्यालय शिक्षा प्रयोगात्मक र आर्थिक उद्देश्यका लागि मात्र संचालन गरिनुहुन्न, यसको लक्ष्य उच्च नैतिकता र देश प्रेम भएका जिम्मेवार नागरिकहरु उत्पादन गर्न उत्साहित गर्ने हुनुपर्दछ ।

यी नीतिहरुको कार्यान्वयन गर्न सरकारले शिक्षामा आवश्यक पर्ने जति साधन श्रोतको व्यवस्था गर्नैपर्छ । साथसाथै समुदायहरुको स्थापना गरी अभिभावकहरुलाई सहभागी गराई, वौद्धिक तथा श्रोत सम्पन्न व्यक्तिहरुको सहभागितामा सार्वजनिक विद्यालयहरु संचालन गरिनुपर्दछ ।

हाम्रो सोच भनेको नेपालको मौजुदा शिक्षा व्यवस्थाको विस्तृत पुनरावलोकन गरी नयाँ अवधारणाको शुरुआत तथा सोही अनुसार शिक्षा क्षेत्रमा सुधार गर्नु हो ।

## २. आधारभूत शिक्षामा नेराविपाको विचार

### विद्यालय शिक्षाका नीतिहरु

- नेपाली जनताहरुले नेपालमा आफ्नो स्थान यस देशको नागरिकका रुपमा रहेको तथ्यलाई सजग पारी त्यसप्रति गर्व गर्ने मानसिकताको विकास गर्नुपर्दछ। त्यसैकारण महात्मा गान्धीले "वास्तविक ज्ञान मातृभाषामा मात्र संभव छ" भने झैं नेपालको प्रारम्भिक शिक्षा पनि नेपाली भाषाको माध्यमवाट नै प्रदान गरिनुपर्दछ जो अति आवश्यक छ।
- अध्ययन अनुसन्धान तथा नयाँ शब्दहरुको सिर्जना गरी नेपाली भाषालाई अझ विकसित गरिनुपर्दछ। साहित्य तथा कविताको अध्ययनको माध्यमवाट हामीहरु विद्यालय शिक्षामा उच्चस्तरीय भाषाको प्रयोग गरी सारा समाजमा फैलाउन सक्दछौं। नेपाली भाषाको अभिबृद्धिका लागि बिद्यालय - कलेज स्तरमा प्रतिस्पर्धा पनि गराइने छ।
- विज्ञान प्रविधि सम्वन्धी आधारभूत ज्ञान हासिल गर्न जोड दिनका लागि हामीहरुले आवश्यक दिशानिर्देश गर्नुपर्दछ। प्रारम्भिक तथा माध्यामिक विद्यालय शिक्षामा गणित र विज्ञान (भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान) को ज्ञान पनि व्यवस्थित रुपमा समेटिनुपर्दछ।
- नेपालको इतिहास र संस्कृति जस्ता विषयहरु विद्यालय शिक्षामा अनिवार्य गरिनुपर्दछ।
- गणित, भौतिकशास्त्र, रसायनशास्त्र र जीवशास्त्रलाई विद्यालय शिक्षादेखि पठनपाठन शुरु गरी उच्च शिक्षामा क्रमश: विस्तृत अध्ययन, अध्यापन गराउनुपर्दछ।
- निम्न माध्यमिक तहमा चित्रकला, हस्तकला, शारीरिक शिक्षा जस्ता व्यावहारिक शिक्षा प्रदान गर्न विशेष जोड दिनुपर्दछ। यसको अलावा सवै विद्यालयहरुबाट वार्षिक रुपमा राष्ट्रव्यापी प्रस्तुती गराइनुपर्दछ।
- सवै कुरा सम्झनु भन्दा विद्यार्थीहरुलाई आफै सोचविचार गरी विषयवस्तु वुझ्न सक्षम वनाउने शिक्षा दिनु उचित हुन्छ।
- शिक्षा सम्वन्धि सवै संस्थापनाहरुवाट नैतिक शिक्षालाई प्राथमिकता दिनुका साथसाथै विद्यार्थीहरुलाई जिम्मेवार नागरिक वनाउनुपर्दछ।
- खेल शिक्षाको राष्ट्रव्यापी विकास गरिनेछ र जिल्ला, राज्य र राष्ट्रव्यापी प्रतियोगिताहरुको आयोजना गरिनेछ।

माथि उल्लेखित किसिमको व्यावहारिक शिक्षाले मात्र नेपाली समाज र राष्ट्रलाई माथि उठाउन सक्छ।

## शिक्षा पद्धति

नेराविपाद्वारा प्रस्तावित शिक्षा पद्धतिका मुख्य वुँदाहरु निम्न वमोजिम छन् :

> प्राथमिक र निम्न माध्यामिक शिक्षा अनिवार्य गरिनुपर्दछ ।

> सार्वजनिक र निजी विद्यालय गरी दुवै किसिमका विद्यालयहरु एकै साथ अस्तित्वमा रहनुपर्दछ, जसले सवै वर्गको पढाईलाई समेट्न सकोस् ।

> सार्वजनिक र निजी दुवै थरी विद्यालय तथा कलेजको राष्ट्रिय शैक्षिक गुणस्तर निर्धारण गरिनुपर्दछ ।

> निम्न आय भएका परिवारका वंचित वर्ग र जेहेन्दार विद्यार्थीहरुलाई उचित तहसम्म छात्रवृत्तिको व्यवस्था गरिनुपर्दछ ।

> सार्वजनिक विद्यालयहरुमा सह-शिक्षा व्यवस्था गरिनुपर्दछ जव कि निजी क्षेत्रलाई स्व-निर्णयाधिकार दिइनुपर्दछ ।

## प्रत्येक गाउँ, नगर, शहर, जिल्ला र क्षेत्रमा विद्यालय र कलेजको स्थापना

> प्रत्येक गाउँ वा नगरमा कम्तिमा पनि एउटा सार्वजनिक विद्यालय खोलिनुपर्दछ ।

> प्रत्येक नागरिकको पहुँचमा हुनेगरी उच्च मा.वि., शिक्षक तालीम संस्थाहरु र सवै क्षेत्रलाई समेट्ने प्राविधिक शिक्षालयहरु हुनुपर्दछ ।

> प्रत्येक क्षेत्रमा चिकित्सा विज्ञान सहित राष्ट्रिय विश्वविद्यालयको व्यवस्था गरिनुपर्दछ

> विद्यालयको सहज संचालन प्रक्रियामा सघाउ पुऱ्याउन र त्यस प्रक्रियाको अनुगमन गर्न क्षेत्रीय शिक्षा समितिको व्यवस्था गरिनेछ ।

## शिक्षा पद्धतिको पुनरावलोकन

(अध्ययन तहको वर्गीकरण) जनताहरुवीच वहस चलाइसकेपछि परामर्श समितिको गठन पश्चात् प्राप्त हुने सुझावको आधारमा लागू गर्न सकिनेछ ।

हामीहरु पनि वर्तमान शिक्षा प्रणालीलाई अनुशरण गर्नेछौं । तर शिक्षकलाई तालीम दिने कलेज, प्राविधिक शिक्षण संस्थाहरुलाई प्रोत्साहित गरिनेछ जसले मध्यम स्तरीय जनशक्ति उत्पादन गर्दछ ।

तलको चार्टले विद्यालय अवधि र अध्ययनको स्तर प्रस्तुत गर्दछ




*प्रस्तावित शैक्षिक प्रणाली शिक्षक तालीम र प्राविधिक ज्ञानमा केन्द्रित हुने ।*

शिक्षा मन्त्रालयले नीति निर्धारण गरी कार्यान्वयन अनुगमन गर्नेछ ।

# वैदेशिक सम्वन्ध

वर्तमान विश्वमा अन्तर्राष्ट्रिय समुदायहरु वीचमा यस्तो अन्योन्याश्रित सम्वन्ध छ कि कुनै पनि देश एक्लै रहन सक्तैन। विशेष गरी नेपाल जस्तो अविकसित देशले आर्थिक सहयोग गर्ने भारत, चीन, युरोपेली मुलुकहरु, अमेरिका, जापान जस्ता देशहरुसँगको सम्वन्ध वेवास्ता गर्न सक्तैन। तसर्थ छिमेकी मित्र राष्ट्रहरुसँग र विश्वका विकसित देशहरुसँग नेपालको कुटनीतिक सम्वन्ध मजवुत र सुदृढ हुन जरुरी छ।

भारत र चीनसँग सन्तुलित सम्वन्ध कायम गरी असंलग्नताको सिद्धान्त कडाइका साथ पालना गरी महाशक्ति राष्ट्रहरुसँग पनि सुदृढ सम्वन्ध कायम गराउनु नेपालको हितमा हुन्छ। एक प्रजातान्त्रिक राष्ट्रको नाताले नेपालले विश्वका सवै प्रजातान्त्रिक राष्ट्रहरुसँग सौहार्दपूर्ण सम्वन्ध स्थापना गर्नुपर्दछ। यसको अलावा नेपालमा आन्तरिक व्यवस्था कायम गर्ने नाममा आवश्यकता भन्दा वढी सेना भर्ती गरिनु हुन्न।

**वैदेशिक सहयोग**

वैदेशिक सरकारहरु र अन्तर्राष्ट्रिय संगठनहरुवाट सहयोग लिनको लागि नेपालको राजनीतिमा प्रजातान्त्रिकरण अनिवार्य हुन्छ। सहयोग अपेक्षा गर्दा पनि वैदेशिक विकासका लागि स्पष्ट राष्ट्रिय नीतिको जरुरत पर्दछ र त्यस्तो नीति दूरगामी प्रभाव पार्ने किसिमको हुनुपर्दछ।

नेराविपाले अन्तर्राष्ट्रिय समुदायलाई देशको मौजुदा अवस्थावारे आश्वस्त पारी विदेशी सरकार र अन्तर्राष्ट्रिय नियोगहरुवाट सहयोग प्राप्त गर्ने अपेक्षा गर्दछ। विकास आयोजनाहरुको लागि लिइने विदेशी सहयोग दूरगामी आधारभूत राष्ट्रिय विकास योजना संचालन गर्न स्वीकार गर्नुपर्दछ। आवश्यकतालाई मध्यनजर राखी हामीहरुले नेपालका लागि उपयुक्त विकास आयोजनाहरुको लागि मात्र विदेशी सहयोग लिनुपर्दछ न कि विदेशी दाताले निर्देश गरे वमोजिम। राष्ट्रिय स्वार्थलाई सर्वोपरि ठानेर संचालन गरिएका आयोजनाहरुले मात्र देशको दिगो विकासमा टेवा पुऱ्याउन सक्छन्। दाताहरुले आयोजनाहरुको अनुगमन र मुल्याङ्कन मात्र गर्न पाउनुपर्छ। नेपाली प्राविधिक तथा प्रशासनिक व्यवस्थापन यो गहन जिम्मेवारी लिन सक्षम र कटिवद्ध छ।

# सामाजिक सुरक्षा र कल्याण

नेराविपा सवै नागरिकहरुलाई संरक्षण र स्वास्थ्य सेवाहरु उपलव्ध गराउने सामाजिक सुरक्षा व्यवस्थाको सिर्जना गराउने लक्ष्य प्राप्त गर्न कटिवद्ध छ। नेराविपाको आधारभूत राष्ट्रिय नीति अनुसार सवै नेपाली जनताहरुलाई समेट्ने गरी सामाजिक सुरक्षा र कल्याण व्यवस्था निर्माण गर्ने लक्ष्यका साथ आवश्यक कदम चालिनेछ। नेराविपाले सामाजिक सुरक्षा र राष्ट्रिय स्वास्थ्य सेवा व्यवस्थाको सम्भाव्यताको विस्तृत अध्ययन गर्नेछ। वर्तमान व्यवस्थाको यथासंभव निरन्तरता एवं सुधारका साथ उपयुक्त सामाजिक सुरक्षा र कल्याण व्यवस्थाको लागि चाल्न सकिने कदमहरु नेराविपाले चाल्नेछ।

नेपालको वर्तमान आर्थिक तथा सामाजिक अवस्थामा उपरोक्त सवै व्यवस्था तत्काल मिलाउन सहज छैन। किनकि नेपालमा वजेटको अभाव खड्किरहन्छ। सर्वप्रथम एक दूरगामी योजनाको निर्माण गरी सामाजिक सुरक्षा व्यवस्थाका सवै पक्षहरुलाई समेट्ने प्रयास गरिनेछ। निम्न वमोजिम वीमा व्यवस्था कार्यान्वयन गर्न आवश्यक तयारी गरिनेछ।

# १. स्वास्थ्य वीमा

राष्ट्रिय स्वास्थ्य वीमा योजनाको वारेमा पूर्ण वहस गर्न नेराविपा प्रस्ताव गर्दछ। शुरुमा विमित व्यक्तिहरुले ठूलो रकमको औषधी उपचार खर्च व्यहोर्नु पर्ने हुन्छ। तर भविष्यमा त्यो भार क्रमशः कम हुँदै जानेछ। औषधी खर्चको लागि लाभ प्राप्त गर्ने व्यक्तिको भार निम्न वमोजिम हुनेछ।

| लाभ लिने | प्रथम चरण | अर्को चरण |
|---|---|---|
| विमित | ३0% | २0% |
| विमित परिवार | ५0% | ३0% |

राष्ट्रिय ढुकुटीबाट खर्चको २0% अनुदानको रुपमा व्यहोरिनेछ।

यस प्रयोजनका लाीग ठाँउ हेरेर स्थान विशेष, पेशा र क्षेत्रगत, व्यापारिक समूहगत रुपमा संगठनहरु निर्माण गरिनेछ। यस्तोमा प्रत्येक समूहका व्यक्तिहरु कुनै न कुनै समूहभित्र पर्नेछन् र त्यस प्रकारले सेवा उपलब्ध गराउँदा अनुगमन प्रक्रिया सहज हुने र प्रक्रियाको छड्के जाँच गर्न सजिलो हुन्छ जसवाट लाभान्वित हुने व्यक्तिहरुमा भेदभाव नहोस् भन्ने कुरामा ध्यान पुऱ्याइने छ।

**चिकित्सकको आवश्यकता**

प्रत्येक २000 जनसंख्यामा एक चिकित्सकको व्यवस्थाको प्रयत्न गरिनेछ। वर्तमानमा जनता र चिकित्सकको अनुपात निम्न वमोजिम रहेको छ।

| | |
|---|---|
| नेपाल | १ चिकित्सक = ५000 जनता |
| विकसित देश | १ चिकित्सक = ४00 जनता |

प्रत्येक क्षेत्रमा एक सामान्य अस्पतालको व्यवस्था गरिनेछ।

**सार्वजनिक स्वास्थ्य**

वरपर स्वस्थ वातावरणको सिर्जना गर्नु सवै किसिमका रोगहरुलाई रोकथाम गर्नु हो। यो लक्ष्य हासिल गर्न सफा पिउने पानी, ढल व्यवस्थापन, स्वास्थ्य सेवालाई प्राथमिकता दिइनेछ।




*पानी आपूर्तिको नमूना चित्र*

## २. सामाजिक सुरक्षा

कर्मचारीहरुका लागि सामाजिक सुरक्षा कोषको स्थापना गरिनेछ। यसमा समान योगदान (भनौं तलबको १0%) कर्मचारी र रोजगारी दाताले ५0/५0% योगदान गर्नेछन् र सरकारले केही रकम अनुदानको व्यवस्था पनि गर्नेछ। व्यक्तिगत योगदान र वाध्यात्मक भुक्तानी व्यवस्था गरिनेछ। सरकारी र निजी दुई किसिमका निवृत्तिभरण व्यवस्था गरिनेछ।

नेराविपाले परम्परागत निवृत्तिभरणलाई यथावत राखी कर्मचारी रोजगारीदाता र सरकार मिलेर उपचार वीमा जस्तो व्यवस्थाको शुरुवात गरिनेछ। वृद्धभत्ता क्रमशः वढाउँदै लगिनेछ। ६५ वर्ष नाघेका जेष्ठ नागरिकहरुलाई विशेष व्यवस्था गरिनेछ।

शुरुशुरुमा राज्यको ढुकुटीवाट केही रकम व्यहोरिनेछ। किनकि यसको कुनै कोष पनि छैन र योगदान गर्ने प्रवृत्ति पनि छैन। साथसाथै उचित समयमा वेरोजगारी वीमा र विपत्ति वीमा पनि शुरु गरिनेछ।

## ३. समाज कल्याण र सार्वजनिक सहयोग

शारीरिक रुपमा असक्तहरुका लागि राष्ट्रिय स्तरमा कल्याणकारी कार्यक्रमको संचालन गरिनेछ जो आफ्नो अवस्थाका कारण सामान्य मानिसहरु सरह काम गर्न तथा दैनिक जीवनका क्रियाकलापहरु गर्न सक्तैनन् । कल्याणकारी कार्यक्रमहरुद्धारा लाभान्वित हुने वालवालिका, जेष्ठ नागरिक, शारीरिक र मानसिक रुपमा असक्तहरु हुनेछन् ।

हामीहरुले कठिन परिस्थितिमा वस्न वाध्य पारिएका मानिसको जीवनयापन, शिक्षा, औषधी उपचार र दाहसंस्कारको व्यवस्था गर्न जीवन संरक्षण कानूनको प्रस्ताव गरेका छौं । त्यस्ता व्यक्तिहरुलाई वढीमा ६0% सम्म सहयोग गरिनेछ । हाम्रो विचारमा यो कार्यक्रमलाई वर्तमानको सामान्यकर र भविष्यमा लागू गरिने विशेष सामाजिक सुरक्षा कर असुल गरी आर्थिक सहयोग गरिनेछ ।

शारीरिक र मानसिक रुपमा असक्तहरुका लागि विशेष शिक्षा प्रदान गर्न आवश्यक विद्यालयहरु संचालन गरिनेछन् । उपरोक्त कल्याणकारी कार्यक्रमहरु एकैपटक पूर्णरुपमा राज्यले संचालन गर्न संभव नभएकाले शुरुमा सो क्षेत्रमा संलग्न गैर सरकारी संस्थाहरुसँग समन्वय राखी विस्तारै राज्यले पूर्णरुपमा कार्यक्रमहरु संचालन गर्नेछ ।

# श्रमको अवस्थामा सुधार

सामन्ती युगमा श्रमिकहरुका मानवअधिकारको कानूनी संरक्षण थिएन । पूँजीवादी समाजको निर्माण भइसकेपछि रोजगारीदाता र श्रमिकहरुको सम्वन्ध व्यक्तिगत भन्दा पनि कानूनीरुपमा कायम रहेको पाइन्छ तर पूँजीवादको शुरुको चरणमा श्रमिकहरुलाई यति कठिन कार्य गर्न वाध्य पारिन्थ्यो कि कहिले कहिले त भयावह परिणाम पनि निम्त्याउँथ्यो ।

इतिहासको यस्तो पृष्ठभूमिका कारण रोजगारीदाता र श्रमिकका वीच समस्याहरु खडा भए। यसले श्रमिकहरुको मानवअधिकारको संरक्षण गर्न आन्दोलनको शुरुआत गर्‍यो । परिणाम स्वरुप श्रम कानून निर्माण गरिए यसवाट श्रमिकहरुले कानूनी संरक्षण प्राप्त गर्न थाले । श्रम कानूनको उद्देश्य भनेको रोजगारदाताहरु साम् कमजोर अवस्थामा रहेका श्रमिकहरुको हक हितको संरक्षण गर्नु हो ।

# १. नेपालमा श्रम सम्वन्धि समस्या

नेपालमा वेरोजगारीको दर सन् २00१ मा लिइएको तथ्यांक अनुसार ४७% छ जो उच्च हो । रोजगारीका अवसरहरुको अभावले गर्दा कम ज्याला र कठिन परिस्थितिमा पनि सस्तो काम गर्ने मजदुरहरु उद्योगहरुले पाइरहेकै छन् । यो अवस्थावाट मुक्ति पाउनका लागि आर्थिक अवस्थामा सुधार र रोजगारीका अवसरहरुको वृद्धि गर्नु नै समस्याको व्यावहारिक समाधान हो जो अत्यावश्यक पनि छ ।

श्रमिकहरुले मात्र नभएर रोजगारीदाताहरुले पनि कठिन परिस्थितिको सामना गरिरहेको छन् जसको प्रमुख कारण देशको विग्रदो आर्थिक अवस्था हो । यस्तो अवस्थामा रोजगारीदाताहरुले पनि श्रमिकहरुका मागहरु पूरा गर्न सक्ने अवस्थामा छैनन् ।

यस्तो परिस्थितिमा श्रम कानूनले व्यवसायीहरुलाई पनि केही संरक्षण दिनु जरुरी छ, जसले उनीहरुको व्यवसायलाई सुरक्षा दिन्छ । श्रमिकहरुको अधिकार र रोजगारीदाताहरुको नाफामा संतुलन हुनै पर्दछ । यस किसिमको सुरक्षा विना लगानी भित्रिने अपेक्षा गर्न सकिंदैन ।

विकसित देशहरुमा जहाँ श्रमिकहरुलाई कठिन काम लगाइन्छ र काम गर्ने वातावरण उचित हुँदैन र ज्यालाले जीवनयापन गर्न कठिन छ, त्यस्तो ठाउँमा श्रमिकहरु नै पाउंन सकिंदैन । रोजगारदातालाई काम गर्ने अवस्थामा सुधार गर्ने नैतिक जिम्मेवारी छ । कानूनले न्यूनतम स्तर निर्धारण गर्दछ तर वाँकि व्यवसायीको नैतिक मुल्यमा भर पर्दछ ।

**नेराविपाले ३ वटा आधारभूत श्रमिक अधिकारहरुको परिकल्पना गरेको छः**

नेराविपाले ३ वटा आधारभूत श्रमिक अधिकारहरु संगठित हुने, वार्ता गर्ने र विरोध जनाउने अधिकारलाई मान्यता दिएको छ । तथापि नेराविपा संतुलित श्रम कानूनको पक्षमा छ जसले श्रमिक र मालिक दुवैको हकहितको संरक्षण गरी वैदेशिक लगानी भित्र्याउन सघाउ पुऱ्याओस । मालिक र श्रमिक दुवै बिचमा सन्तुलन कायम गरी औद्योगिक शान्ति सु-व्यवस्था कायम गराउने सोचको जरुरत छ । समाजमा वेरोजगारहरुको संख्या अधिक भएकाले रोजगारहरुको हकहित तर्फमात्र ध्यान दिन थालियो भने झन् ठूला समस्या खडा हुन सक्छन् । रोजगार र बेरोजगार वीचमा झन् ठूलो खाडल पर्न सक्छ । यो पक्षलाई पनि उचित ध्यान दिनैपर्छ । श्रमिकहरु बिचको लैङ्गिक असमानतामा पनि सुधार गरिनुपर्छ ।

## २. श्रम कानूनमा पुनरावलोकन

श्रमिकहरुका 'तीन अधिकारहरु' को प्रसंगमा छलफल गर्दा नेराविपाको ठहर छ कि श्रम सम्वन्धि विवादहरुको टुंगो लगाउनका लागि श्रमिक संगठनले अहम् भूमिका निर्वाह गर्नुपर्दछ जसको लागि उनीहरुको सांगठनिक अधिकारको प्रत्याभूति गरिनेछ ।

मालिकले श्रमिकहरुलाई गर्ने अन्याय नियन्त्रण गर्न कानूनको व्यवस्था गरिनेछ । श्रमिकहरुले मालिकलाई पुऱ्याएको हानी नोक्सानी तोडफोडलाई पनि कानूनी उपचार गरिनेछ ।

श्रम सम्वन्धि विवाद चर्केमा त्यसको निराकरणका लागि मध्यस्थता सम्वन्धि कानून पारित गरिनेछ । मध्यस्थकर्ताले उद्योगको आर्थिक अवस्थाको अध्ययन गरी निर्णयमा पुग्नेछ र उद्योग पुनः संचालन गर्ने व्यवस्था मिलाउंनेछ ।

"श्रमिकका तीन अधिकारहरु" राष्ट्रसेवक र सार्वजनिक कम्पनीहरुका कर्मचारीहरुका लागि प्रतिवन्ध निम्न वमोजिम लगाइनेछ ।

| समूह | सांगठनिक अधिकार | सामुदायिक रुपमा संगठित हुने अवस्था | हडताल गर्ने अधिकार |
|---|---|---|---|
| सार्वजनिक संस्थान | O | O | O |
| राष्ट्रसेवक | O | △ | X |
| सेना, प्रहरी, आदि | O | X | X |

## उपसंहार

अब यस समयमा हामी नेपाली जनताहरुले राष्ट्र निर्माण गर्नका लागि सजगतापूर्वक हाम्रा सारा प्रयत्न केन्द्रित गर्नैपर्छ। हामी विश्वास गर्छौं कि नेपाली जनता हृदय र विचारले संयुक्त भयौं भने संसारकै प्रचुर प्राकृतिक सौन्दर्य सम्पन्न, आकर्षक, समृद्ध नेपाल राष्ट्र निर्माण गर्ने लक्ष्य आगामी २० वर्षमा हासिल गर्न सकिन्छ।

अहिलेको बदलिंदो परिप्रेक्षमा राष्ट्रिय विकासको योजनाहरु, पर्यटन विकास, औद्योगिक विकास, वातावरण संरक्षण, प्रजातान्त्रिक पद्धति, आर्थिक, सामाजिक, शिक्षा, विदेशी मामिला सम्बन्धी सबै विकास र नीतिहरु कडाईका साथ लागु गरि नयाँ नेपालको निर्माण र विकास गर्नको लागि नेराविपा सम्पूर्ण देशवासीहरुलाई आव्हान गर्दछ।

यस्तो समुन्नत भविष्य निर्माण गर्ने, सुन्दर सपना साकार पार्ने कुरालाई सबैले सदैव हृदयंगम गर्नुपर्दछ।